REGIONAL NEWS

AKASHVANI GANTOK

May 25, 2025

Man Ki Baat-Sikkim: NSD

प्रधानमन्त्री नरेन्द्र मोदीले आज आकाशवाणीबाट मन की बात कार्यक्रमम ा बोल्दै, आफू दुई दिनअघि पहिलो Rising North East Summit मा सहभागी भई पूर्वोत्तरको सामर्थ्यप्रति समर्पित "अष्टलक्ष्मी महोत्सव" मनाएको कुरा उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, पूर्वोत्तरको कुरा केही फरक छ, त्यहाँको सामर्थ्य, त्यहाँको प्रतिभा अद्भूत छ। उहाँले अझ भन्नुभयो, मलाई crafted fibers बारे रोचक कुरा थाहा भएको छ। Crafted fibers एक brand मात्र नभई, सिक्किमको परम्परा, बुनाइ कला र वर्तमान फेशन सोच, यी तीनै कुराको सुन्दर सङ्गम हो। प्रधानमन्त्रीले यसको सुरुवात डा. छिवाङ नर्बू भोटियाले गर्नुभएको र डा. भोटियाले सिक्किमको पारम्परिक बुनाइ संस्कृतिलाई नयाँ पहिचान दिएको बताउनुभयो अनि उहाँको कार्य परम्परा र लगावको सङ्गमले संसारलाई आकर्षित गर्न सक्छ, भन्नुभयो।

CM-NDA: IPR

मुख्यमन्त्री प्रेमसिंह तामाङ आज नयाँ दिल्लीमा आयोजित राष्ट्रिय लोकतान्त्रिक गठबन्धन, NDA-को बैठकमा सहभागी हुनुभयो। उहाँले कोभिड-१९ महामारी र प्राकृतिक प्रकोपजस्ता सङ्कटको समयमा केन्द्र सरकारले दिएको सहयोग र मार्गदर्शनका लागि प्रधानमन्त्रीप्रति हार्दिक आभार व्यक्त गर्दै, उहाँको नेतृत्वलाई "अनुकरणीय" भनी प्रशंसा गर्नुभयो। मुख्यमन्त्रीले २०१४ देखि उत्तर-पूर्वी क्षेत्रको रूपान्तरणबारे प्रकाश पार्दै, यस क्षेत्रले अभूतपूर्व विकास गरेको उल्लेख गर्नुभयो। उहाँले "केन्द्रीय मन्त्रीहरूको नियमित भ्रमणले यस क्षेत्रको प्रगतिप्रति केन्द्रको इमानदार प्रतिबद्धतालाई झल्काउँछ", भन्नुभयो। एक समय केवल राजनीतिक मञ्चका रूपमा देखिने उत्तर-पूर्व अब विकासको केन्द्रका रूपमा देखा परेको र राज्यले धेरै क्षेत्रमा उल्लेखनीय प्रगति गरेको पनि श्री तामाङले उल्लेख गर्नुभयो। राज्यले आफ्नो राज्यत्वको स्वर्ण जयन्ती मनाउँदै गर्दा, मुख्यमन्त्रीले प्रधानमन्त्री र वरिष्ठ भाजपा नेतृत्वप्रति निरन्तर सद्भाव र समर्थनका लागि हार्दिक आभार व्यक्त गर्नुभयो।

## MANGAN-Educational Firm: Wanchuk Bhutia

मङ्गन जिल्ला र सिक्किमभरिका बालबालिकाहरूमा पुस्तक पढ्ने बानी बढाउने उद्देश्यले, गान्तोक आधारित शैक्षिक फर्म, ट्वेन्टीफोर आर्स इन्स्पायर्ड र नर्थ सिक्किम एकेडेमी, मङ्गनको सहकार्यमा सिक्किम पुस्तक मेला २०२५ आयोजित गरियो। २४ मे देखि सुरु भएर २५ मेसम्म सम्पन्न भएको दुईदिने पुस्तक मेलामा सिंघिक माध्यमिक विद्यालयका प्रिन्सिपल सोनम दोर्जी भोटिया उपस्थित हुनुहुन्थ्यो। उहाँले मङ्गन जिल्लामा पठनको पारिस्थितिक प्रणाली ल्याएकामा आयोजकहरूलाई बधाई दिनका साथै विद्यार्थीहरूलाई पुस्तक मेलाबाट लाभ उठाउन प्रोत्साहन दिनुभयो। मेलामा मङ्गन वरपरका विद्यालयहरूका सयौँ विद्यार्थी र शिक्षकहरूको सहभागिता रह्यो। पुस्तक मेलाबाहेक कविता लेखन र पठन, कथा लेखन, खेल र गतिविधिहरू साथै प्यानल छलफलजस्ता गतिविधिहरू समावेश थिए, जहाँ अन्य विद्यालयका विद्यालयहरूले प्यानलका रूपमा सक्रिय सहभागिता जनाए।

## Namchi- 50 Years of Statehood: IPR

सिक्किम राज्य स्थापनाको पचासौँ वार्षिकोत्सवका उपलक्ष्यमा हिजो जोरथाङदेखि मल्लीसम्म "स्वच्छ सिक्किमतर्फ - राज्य स्थापनाको ५० वर्ष, एक पटकमा एक कदम" विषयक सामूहिक सरसफाइ अभियान सञ्चालन गरियो। नाम्चीका जिल्लापाल अनुपा तामलिङको निरीक्षणमा सरसफाइ पहल गरिएको थियो। सुश्री तामलिङले सबै सहभागी टोलीप्रति उनीहरूको सामूहिक प्रयासका लागि कृतज्ञता व्यक्त गर्नुभयो र जनतालाई आफ्नो घरभन्दा बाहिर सार्वजनिक स्थानहरूमा पनि सरसफाइ गर्ने दैनिक बानी बसाल्न आग्रह गर्नुभयो। साथै, उहाँले गैरसरकारी संस्थाहरू र चालक संघहरूले गरेको महत्त्वपूर्ण योगदानको पनि प्रशंसा गर्नुभयो। उहाँले महत्त्वपूर्ण मुद्दालाई सम्बोधन गर्दै, नशामुक्त भारत अभियान र लागूपदार्थ तस्करीविरुद्ध लड्न सामूहिक कार्यको महत्त्वमा जोड दिनुभयो अनि युवाहरूका लागि राम्रो भविष्य सुनिश्चित गर्न जनताबाट व्यापक सहयोगको आह्वान गर्नुभयो।

## Sikkim in Taekwondo Championship: Social Media

सिक्किम अमेच्योर ताइक्वान्दो संघले २९ मे देखि १ जून २०२५ सम्म उत्तराखण्डमा आयोजित हुने क्योरुगी र पुम्सेका लागि भारतीय तेक्वान्दो चौथो क्याडेट तथा जुनियर राष्ट्रिय च्याम्पियनशिप २०२५ मा आफ्नो टोली पठाउनेछ। टोलीमा पुम्से र क्योरुगी दुवै प्रतियोगितामा विभिन्न श्रेणीका १४ खेलाडी अर्थात् क्याडेट ब्वाइज एण्ड गर्ल्स र जुनियर ब्वाइज एण्ड गर्ल्स समावेश छन्। खेलाडीहरूसँगै २ राष्ट्रिय रेफ्री, १ राष्ट्रिय खेलाडी हुनेछन् र टोलीको नेतृत्व आधिकारिक टोली प्रबन्धक र अन्तर्राष्ट्रिय रेफ्रीहरूले गर्नेछन्। टोली मे २७ मा प्रस्थान गर्ने र जून २ मा फर्कने कार्यक्रम छ।